**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख १० गते**
प्रदेश १ मा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्या २८ जना पुगेको छ । वैशाख ५ गते १२ जना, वैशाख ६ गते एक जना, वैशाख ९ गते ११ जना र वैशाख १० गते चार जनामा कोरोना सङ्क्रमण पुष्टी भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । एकै परिवारका पाँच जना सम्ममा कोरोना सङ्क्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । सङ्क्रमित मध्ये २४ जना उदयपुरका र ४ जना विराटनगरका रहेका छन् । उदयपुरको त्रियुगा नगरपालिका-३ भुल्केको नुरी मस्जिदमा बसेका १३ जनामा पहिलो पटक कोरोना सङ्क्रमण देखिएको थियो । सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि प्रदेश सरकार र नेपाली सेनाले गरेको स्वाब परीक्षणमा २९ जनामा सङ्क्रमण देखिएको हो । नेपाली सेनाले सङ्कलन गरेको स्वाब मध्येबाट चार जनामा कोरोना पोजेटिभ रिपोर्ट आएको हो । प्रदेश १ मा वैशाख १० गतेसम्म ८ सय २३ जनाको नमूना सङ्कलन गरिएको छ । नमूना सङ्कलन गरिएका मध्ये ७६ जना महिला र ४ सय ४९ जना पुरूष गरि ५ सय २५ जनाको कोरोना रिपोर्ट नेगेटिभ आएको छ । परीक्षण गरिएका मध्ये २ सय ७४ जनाको रिपोर्ट आउन बाँकी छ । आरडीटी विधिबाट वैशाख १० गते सम्म ३ हजार ५ सय ९२ जनाको एण्टीवडी परीक्षण गरिएको छ । १० जनामा पोजेटिभ रिपोर्ट आएको छ । ३ हजार ५ सय ८२ जनाको नेगेटिभ रिपोर्ट आएको छ । प्रदेश १ मा वैशाख १० गतेसम्म ४ हजार ७ सय ८३ जना क्षमताको क्वारेन्टाइन निर्माण गरिएको छ । क्वारेन्टाइनमा १ सय १२ जना महिला र ९ सय ५८ जना पुरूष गरी १ हजार ७० जना बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । १७ जना डिस्चार्ज भएका छन् । होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ४ हजार ६ सय ४२ जना पुगेको छ । ७ सय ६० जना महिला र ३ हजार ८ सय ८२ जना पुरूष रहेका छन् । वैशाख १० गतेसम्म आईसोलेशनमा बस्नेको सङ्ख्या ३४ जना पुगेको छ । तीन जना महिला र ३१ जना पुरूष आईसोलेशनमा बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा वैशाख १० गतेसम्म व्यक्तिगत सुरक्षा उपकरण ( पीपीइ) ७ सय ५९ थान वितरण गरिएको छ ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार ०७७ वैशाख १० गतेसम्म मोरङमा १ सय ८५ जना पुरूष र २० जना महिला गरी २ सय ५ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ । टाँडी आर्मी क्याम्पमा १ सय ५६ जना, घिनाघाट प्राथमिक स्वास्थ्य केन्द्र विराटनगरमा २३ जना, दुर्गा मावि जहदामा दुई जना, कर्सिया स्वास्थ्य केन्द्र धनपालथानमा एक जना, अमरदह प्राथमिक स्वास्थ्यक केन्द्र सुनवर्षीमा आठ जना, रंगेली अस्पतालमा चार जना, मधुग्राम आधारभुत विद्यालय बुढीगंगामा ११ जना राखिएको मोरङ प्रहरीका डिएसपी मानवहादुर राईले बताउनुभयो । मोरङमा ६ सय ९३ वेडको क्वारेन्टाइन निर्माण गरिएको छ ।
मोरङमा वैशाख १० गते सम्म आईसोलेशनमा ५० जना भर्ना भएका छन् । कोशी अस्पतालमा १९, कोभिड १९ उपचार केन्द्रमा २८ र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन् । मोरङमा १ सय २७ ओटा आईसोलेसन वेड तयार गरिएको छ । मोरङमा वैशाख १० गतेसम्म १ हजार १ सय ९० जना पुरुष र २ सय ४९ जना महिला गरी १ हजार ४ सय ३६ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । मोरङमा १ सय २२ जनाको स्वाब परीक्षण गरिएकोमा ९८ जनाकै रिपोर्ट नेगेटिभ आएको छ । २४ जनाको रिपोर्ट आउन बाँकी छ । मोरङमा वैशाख १० गतेसम्म ३ सय २० जनाको र्‍यापिड डायग्नोष्टिक टेष्ट (आरडीटी) गरिएको छ । एक जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

३ सय १९ जनाको आरडीटी रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय मोरङका प्रमुख ज्ञानवहादुर वस्नेतले बताउनुभयो ।

मोरङ प्रहरीले मस्जिद लगायतका धार्मिक स्थलहरूमा निगरानी बढाएको छ । प्रहरीका अनुसार सबै धार्मिक स्थललाई सुरक्षा घेरामा राखेर निगरानी बढाउँदै त्यहाँ हुने गरेका गतिविधिमा रोक लगाइएको छ । मोरङमा ८९ ओटा मस्जिद, ५३ ओटा मदर्शा, एक सय तीन ओटा चर्च, दुई सय ५३ ओटा मन्दिर र २७ ओटा गुम्बा रहेका छन् । अनुगमनका क्रममा मोरङको सुनवर्षी नगरपालिका-९ स्थित मस्दिजमा नौ जना पाकिस्तानी नागरिक फेला परेका थिए । इस्लाम धर्म प्रचारका लागि भनेर नेपाल छिरेका ६० वर्षमाथिका उनीहरू चैत १० गते सुनवर्षी पुगेका थिए । धनलपालथान गाउँपालिका- ७ स्थित मस्जिदमा पनि भारतको आगराबाट फागुन १२ गते आइपुगेका १० जना भारतीय नागरिक रहेका छन् । मोरङमा विभिन्न मुलुकबाट आएका मध्ये हालसम्म ९७ जनालाई फेला पारेर क्वारेन्टाइनमा पठाइएको एसपी विश्व अधिकारीले बताउनु भयो ।

नेपाल पत्रकार महासङ्घ प्रदेश १ ले तीन जिल्लाका पत्रकारलाई स्वास्थ्य सामाग्री वितरण गरेको छ । महासघले वैशाख १० गते सुनसरी, मोरङ र झापाका पत्रकारहरूलाई सेनिटाइजर  र मास्क वितरण गरेको हो  । सुनसरीको पत्रकारका लागि ६० ओटा सेनिटाइजर र १ सय थान मास्क महासंघ सुनसरी अध्यक्ष अमर खड्कालाई, पथरीका सञ्चारकर्मीका लागि २० ओटा सेनिटाइजर र १ सय थान मास्क पत्रकार महासंघ मोरङका सहसचिव सन्तोष राईलाई र उर्लाबारीका सञ्चारकर्मीका लागि २० ओटा सेनिटाइजर र १ सय थान मास्क सञ्चार क्लव उर्लाबारीका अध्यक्ष सरोज बस्नेतलाई हस्तान्तरण गरिएको छ । दमकका सञ्चारकर्मीका लागि २० ओटा सेनिटाइजर र १ सय थान मास्क र झापाका अन्य स्थानका सञ्चारकर्मीका लागि  १ सय २० ओटा सेनिटाइजर र २ सय थान मास्क पत्रकार महासघ जिल्ला शाखा झापा मार्फत दिइएको पत्रकार महासंघ प्रदेश अध्यक्ष विक्रम लुइँटेलले बताउनुभयो ।

मोरङका दुई ओटा स्थानीय तहले लकडाउनका कारण काठमाण्डौंमा समस्यामा परेका विद्यार्थीलगायत सम्पूर्णलाई आफ्ना स्थानीय तहसम्म ल्याउने जनाएका छन् । वैशाख १० गते विज्ञप्ति जारी गर्दै विराटनगर महानगरपालिका र सुन्दरहरैचा नगरपालिकाले आफ्ना स्थानीय तह सम्मका लागि यात्रु बसको प्रवन्ध गरिएको जनाईएको छ ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार जिल्लामा वैशाख १० गतेसम्म २८ जनामा कोरोना सङ्क्रमण पुष्टी भएको छ । ०७७ वैशाख ५ गते १२ जना, ६ गते थप एक जना, वैशाख ९ गते थप ११ जना र वैशाख १० गते चार जना गरेर २८ जनामा कोरोना पुष्टी भएको नेपाल सरकारले जनाएको छ । त्रियुगा नगरपालिका-३ भुल्केस्थित एक मजिस्दमा पहिलो पटक कोरोना सङ्क्रमित १२ जना भारतीय नागरिक फेला परेक थिए ।  ५६ घर मुस्लिम वस्ती रहेको भुल्के क्षेत्रमा  चार जना लकडाउन अवधिभन्दा विदेशबाट आएका छन् । लकडाउनु हुनुपूर्व ०७६ चैत ४ गते भारतबाट १२ जना जमाती विराटनगरबाट थप ४ जना लिएर मोरङ्ग, सुनसरी, सप्तरीको हुँदै उदयपुरको सिवाईबाट भुल्के वस्तीमा प्रवेश गरेको ट्राभल हिस्ट्रीबाट देखिएको प्रशासनले जनाएको छ ।

पहिलो चरणमा देखिएका १३ जना मध्ये ११ जना भारतीय हुन्, दुई जना नेपाली विराटनगर क्षेत्रका हुन् । मस्जिदमा बसेका १६ जना मध्ये १२ जना भारतीय मङ्सिर २५ गते जोगवनी नाका भएर विराटनगर आएका थिए । विराटनगरबाट चार जना थप भएर १६ जना उदयपुर आई पुगेको प्रशासनको भनाइ छ । जमातीहरू नेपाल प्रवेश गरेपछि मोरङ, सुनसरीको मस्जिदहरू हुँदै फागुन ३ देखि ५ गतेसम्म सप्तरीको वोदेबर्साइनमा लागेको नेपाल इज्तिमा सहभागी भएको खुलेको छ ।

इज्तिमा सहभागीपछि फागुन २५ गते सप्तरीको सप्तकोसी नगरपालिकाको फत्तेपुर मस्जिदमा बसी चैत २९ गते उदयपुरको चौदण्डीगढी नगरपालिका-५ सिवाईमा पुगेको सुरक्षा अधिकारीले बताएका छन् । सिवाईस्थित मस्जिदमा बस्दा त्यहाँको समुदायसँग घुलमिल भएको स्थानीयको भनाइ छ । सिवाईमा १५ जना रहेकामा तीन जना विराटनगर फर्किएको र १२ भारतीय चैत ४ गते भुल्के गएको वडाध्यक्ष देवनारायण चौधरीले जानकारी दिनुभयो । त्यसपछि वीरगन्जको मस्जिदमा रहेका तीन धार्मिक गुरुमा कोभिड-१९ को सङ्क्रमण देखिएपछि स्थानीय प्रशासनले मस्जिद अनुगमन गर्ने क्रममा उनीहरूलाई फेला पारेको हो । यदि त्यहीँ ट्राभल हिस्ट्रीलाई सही मान्ने हो भने कतै उनीहरू नै समुदायमा पहिल्यै भएका कोही सङ्क्रमितबाट चपेटामा त परेका होइनन् ? किनकी उनीहरु झण्डै चार महिना अघि नेपाल आएका हुन् । उनीहरु आएको बेला भाइरसको कुनै चर्चा नै थिएन् ।

सङक्रमण देखिएपछि जिल्ला प्रहरी कार्यालय उदयपुरले बस्तीमा लगत सङ्कलन र तथ्य खोजी गर्दा टोलमा तीन जना विदेशबाट आएको तथ्य फेला पर्‍यो । प्रहरीको तथ्य त्यो भएपनि एक थरी स्थानीयले भने चार जना विदेशबाट आएको बताएका छन् भने अर्को थरीले ९ जना आएको बताउँछन् । यसकारण पनि यसबारे अन्यौल छाएको छ । अर्कोतर्फ भर्खरै फागुन ३-५ सम्म सप्तरीको बोदेबसाईन नगरपालिका -५ जाँजरमा भएको नेपाल इज्तिमा अन्तर्राष्ट्रिय सम्मेलनबाट फर्केकाहरुबाट पनि कोरोना फैलिएको हुन सक्ने अनुमान गरिएको छ । त्यस कार्यक्रममा उदयपुरबाट करिव पाँच सयको संख्या सहभागी भएको अनुमान गरिएको छ ।

त्रियुगा नगरपालिका-३ भुल्केमा सङ्क्रमण पुष्टि भएका २८ जनामध्ये एकै परिवारका पाँच जना रहेको खुलेको छ । पाँच जना मध्ये एकै परिवारका ४१ वर्षीय, १८ वर्षीय, ३६ वर्षीया, ४० वर्षीइ र १८ वर्षीय रहेका छन् । १८ वर्षीय एक सदस्य भारतको युपी (उत्तर प्रदेश)मा उर्दू भाषा पढ्न गएको खुलेको छ । उनी लकडाउनभन्दा केही दिन अघिमात्र युपीबाट घर आएको बुझिएको छ ।

वैशाख ५ एकैसाथ १२ जनामा सङ्क्रमण देखिएपछि सो क्षेत्रमा प्रदेश र नेपाली सेनालेसमेत चासो देखाएको छ । सेनाको टोलीले दुई दिन लगाएर २ सय ६० जनाको नमूना सङ्कलन गरी स्वाब परीक्षणका लागि काठमाडौंको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु पठाएको थियो । त्यसमध्ये चार जनाको पोजेटिभ र बाँकी २ सय ५६ जनाको परीक्षण रिर्पोट नेगेटिभ आएको स्वास्थ्य कार्यालय प्रमुख मोहन सुवेदीले जानकारी दिनुभयो ।

पहिलो चरण वैशाख २ गते स्वास्थ्य कार्यालयले स्वाब सङ्कलन गरी पठाएको १६ जनामध्ये १६ जनामा कोरोना पुष्टि भएको छ । त्यस्तै प्रदेशको टोलीले ६९ जनाको सङ्कलन गरी कोशी अञ्चल अस्पताल विराटनगरमा परीक्षण र वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पुनः परीक्षण गरेको थियो । त्यसमध्ये नौ जनामा पोजेटिभ र बाँकी ६० जनामा नेगेटिभ रिपोर्ट आएको छ । पुष्टि भएका २८ जनालाई नै उपचारका लागि विराटनगर कोरोना अस्पतालमा राखिएको छ ।

सङ्क्रमित सबैमा कुनै लक्षण देखा नपरेको चिकित्सकहरूले बताएका छन् । विराटनगरस्थित कोरोना उपचार केन्द्रमा भर्ना गरिएका सबैमा लक्षण देखा नपरेपछि सामान्य वार्डमा राखिएको छ ।

जिल्लालाई सिल गरेर सबै नाका बन्द गरिने भएको छ । प्रदेश सुरक्षा समन्वय समितिको बैठकले लकडाउनलाई अझ कडा बनाउन निर्देशन दिएको छ । साथै सङ्क्रमण देखिएको क्षेत्रबाट उत्पादित वस्तुहरुलाई बाहिर लैजान नदिने निर्णय त्रियुगा नगरपालिकाले गरेको छ । सम्भावित जोखिमलाई ध्यानमा राख्दै २१ सय जनाको र्‍यापिड र २ सय ५० जनाको पीसीआर विधिबाट परीक्षण गर्ने निर्णयसमेत भएको छ । कोरोना प्रभावित क्षेत्रका १५ घर थारु समुदाय, ५६ घर मुस्लिम समुदाय र ३ सय ५० घर पहाडी समुदाय गरि ४ सय २१ घर परिवार रहेको भुल्केलाई अहिले सिल गरेको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार भारतको अररीया जिल्लाबाट हिँड्दै आएका आठ जना नागरिकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सीमा प्रहरी चौकीले बर्जु गाँउपालिकाको अमडुवा सीमा क्षेत्रबाट आठ जना नेपाली नागरिकलाई वैशाख ९ गते राति नियन्त्रणमा लिएको हो । दुहवी नगरपालिका-१२ मा स्थायी बसोवास भएका उनीहरू कामको सिलसिलामा भारतमा रहेका थिए । भारतको अररीया क्षेत्रमा लकडाउनका कारण आफन्तकोमा बस्दै आएका उनीहरू लामो समय भएपछि घर डिड्दै आइरहेको बेला प्रहरीले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिएका आठ जना मध्ये ६ जना महिला र दुई जना पुरूष रहेको सुनसरीका एसपी यज्ञविनोद पोखेलले बताउनुभयो । नियन्त्रणमा लिएका आठ जनालाई दुहवी नगरपालिकामा रहेको क्वारेन्टाइनमा राखिएको छ । उनीहरूको स्वाब सङ्कलन गरी परीक्षणका लागि विराटनगरस्थित कोरोना अस्पताल लगिएको दुहवी नगरपालिकाका स्वास्थ्य शाखाका सह-संयोजक उचितनारायण शाहले बताउनुभयो ।

इनरूवा नगरपालिकाका सुकुम्बासी, गरिब तथा विपन्नहरूले इनरूवाको प्रायः सबै वडामा राहत पाउनु पर्नेलाई नदिएको र नपाउनु पर्नेलाई राहत दिएको भन्दै गुनासो गरेका छन् । इनरूवा नगरपालिका-४ र ८ मा राहत वितरणमा विभेद भएको ज्याला मजदूरी गरेर जीवीकोर्पाजन गर्नेहरूले बताएका छन् ।

इनरूवा नगरपालिकाले विपन्न, सुकम्बासी, ज्यालादारी मजदूर तथा गरिब समुदायका प्रति परिवारलाई २० केजी चामल, दुई केजी दाल, दुई लिटर तेल, दुई केजी नुन, दुई देखी तीन ओटा साबुन दिने निर्णय गरेको थियो । निर्णयमा २० केजी भएपनि राहत वितरणका क्रममा १० केजीमात्र चामल बाँडिएको छ ।

गढी गाउँपालिका-५ मा प्रतिपरिवार २० किलो चामल, १ किलो दाल, १ पोका नुन, १ लिटर खाने तेल र एक ओटा नुहाउने साबुन वितरण गरिएको छ ।

एक साताअघि देखि बन्द रहेको धरान उपमहानगरपालिका -१३ स्थित कृषि उपज बजार स्थल वैशाख ११ गतेदेखि खुल्ने भएको छ । वैशाख १० गते धरान उपमहानगरपालिकाको उच्च स्तरीय बैठकले धरानमा लकडाउनको बेलामा तरकारीजन्य बस्तुमा सहज होस भनेर एक साताअघि देखि बन्द रहेको कृषि बजार सुचारू गर्ने निर्णय गरेको छ ।

बराहक्षेत्र नगरपालिका कृषि शाखाले नगर भरिका कृषकहरूले उत्पादन गरेको तरकारी बिक्री वितरण गर्ने भएको छ । नियम विपरीत र बजारमा भिड बढेको गुनासो आएपछि बराहक्षेत्र नगरपालिका -६ स्थित साझाँ भवनको प्रङ्गागणमा बिक्री वितरण गर्ने भएको छ ।

**झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार ०७७ वैशाख १० गतेसम्म झापाका १५ ओटा स्थानीय तहमा २७ ठाउँमा क्वारेन्टाइन निर्माण गरिएको छ । ७ सय ७८ जना क्षमता भएको क्वारेन्टाइन निर्माण गरिएको स्थानीय तहले जनाएको छ । हालसम्म क्वारेन्टाइनमा १ सय ८५ जनालाई राखिएको छ । होम क्वारेन्टाइनमा १ हजार ४६ जनालाई राखिएको छ । मेची अञ्चल अस्पतालमा २५ वेडको आइसोलेशन निर्माण गरिएको छ । झापामा वैशाख १० गतेसम्म २० जना बिरामी भर्ना भए, १५ जनाको स्वाब परीक्षण भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । १५ जानैलाई डिसचार्ज गरिएको छ । ६ सय ८४ जनामा ऱ्यापिड टेस्ट गरिएकोमा ६ सय ५८ जनाको रिपोट नेगेटिभ,२३ जनाको रिपोर्ट आउन बाँकी छ । झापामा ३० जना डाक्टर, १ सय ३३ जना नर्स, २२ जना ल्याव टेक्निसियन, ८७ ओटा सुरक्षा दल, ६३ जना स्वयमसेवक र १ सय २१ जना सहयोगी परिचालन गरिएको छ ।

अर्जुनधारा नगरपालिका-१० को समन्वयमा अत्यावश्यक सेवाका लागि बाहिर निस्कनुपर्ने व्यक्ति र ज्येष्ठ नागरिकलाई लक्षित गरी वडामा रहेका पाँच ओटा टोल विकास मार्फत् दुई हजार थान सर्जिकल मास्क वितरण गरिएको छ ।

तीनतले सामुदायिक वन उपभोक्ता समिति बुद्धशान्तिले बुद्ध शान्ति गाउँपालिकालाई ३५ हजार रुपियाँ सहयोग गरेको छ । वनले १२ स्थानमा हात धुने व्यवस्था मिलाएको छ ।
बाहृदशी गाउँपालिकाले दोस्रो चरणका लागि राहत सामग्री बितरण गर्ने भएको छ । गाउँपालिकाले ५४ लाख ५८ हजार ४ सय ९३ रुपियाँ बराबरको खाद्य सामग्री खरिद गर्ने भएको छ । ३५ सय ३४ परिवारलाई राहत वितरण गर्न लागेको गाउँपालिकाका सूचना अधिकारी चेतनाथ न्यौपानेले जानकारी दिनुभयो ।
झापा जिल्ला बजार अनुगमन समितिले भद्रपुर नगरपालिका-६ झापाचोकस्थित गङ्गा भण्डारका सञ्चालक राजेन्द्र महतोले बजार मूल्यभन्दा बढीमा कृषकलाई चोकर बिक्रीको आरोपमा ११ हजार जरिबाना गरेको छ । कृषक तथा स्थानीय उपभोक्ताबाट पटक पटक उक्त पसलको विषयमा मौखिक उजुरी आउने क्रम नरोकिएपछि झापाका सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार राईको नेतृत्वमा गएका टोलीले पसलको अनुगमन गरेको थियो । अनुगमन टोलीले पसल सञ्चालक महतोलाई कारबाही गर्दै ११ हजार जरिवाना गरेको अनुगमन झापाका सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार राई राईले जानकारी दिनुभयो ।
मेचीनगर नगरपालिकाले आपतकालीन रूपमा राहत तथा अत्यावश्यक औषधिको व्यवस्थापनका लागि प्रत्येक वडामा वडागत रूपममा विभिन्न प्रतिनिधिहरुलाई फोकल पर्सन तोकेको छ । लकडाउनका कारण खाद्यन्न तथा औषधि सेवन गरिरहेकाहरुले समस्या झेल्नु नपरोस पनेर समन्यकारी भूमिकाका लागि फोकल पर्सन तोकेको हो । औषधि सेवन गरिरहेका विरामीहरुको अत्यावश्यक औषधि अभाव भएमा औषधिको व्यवस्थापनका लागि नगरपालिकाले आफ्ना १५ ओटै वडामा प्रतिनिधिहरुलाई फोकल पर्सन तोकेको नगरप्रमुख विमल आचार्यले जानकारी दिनुभयो ।
अर्जुनधारा नगरपालिकाले स्थापना गरेको कोरोना सङ्क्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अर्जुनधारा नगर कमिटीले ४२ क्यून्टल चामल हस्तान्तरण गरेको नेकपा अर्जुनधारा नगरकमिटी अध्यक्ष प्रेमसागर सापकोटांले जानकारी दिनुभयो ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार रोजगारीका लागि काभ्रेपलाञ्चोक गएका ३० युवालाई माई नगरपालिकाले उद्धार गरी घर ल्याएर कोरोना भाइरसको र्‍यापिड डाइनोस्टिक टेस्ट (आरडिटी) गरेको छ । आरडिटीमा सबैजनाको रिपोर्ट नेगेटिभ आएको नगरपालिकाले जनाएको छ ।
उनीहरूलाई माई नगरपालिका, इलाम र सुनसरीका जिल्ला प्रशासन कार्यालय तथा प्रहरीको समन्वयमा ल्याइएको हो । यसरी उद्धार गरिएका युवामा माई नगरपालिकाका २८, इलाम नगरपालिकाका १ र सन्दकपुर गाउँपालिका १ युवक छन् । काठमाडौंको बिएम इँटाभट्टामा काम गरिरहेका ९ जनालाई पनि उद्धार गरी माई नगरपालिका ल्याइएको छ । उनीहरूको पनि आरडिटी रिपोर्ट नेगेटिभ आएको छ । ल्याइएका सबै युवालाई क्वारेन्टाइनमा राखिएको छ ।
इलाम जिल्ला समन्वय समितिका पदाधिकारीले आफूहरूबाट जम्मा गरेको १ लाख १३ हजार ३ सय ५५ रुपैयाँ १ नम्बर प्रदेश सरकारको जनसुरक्षा कोषमा जम्मा गरिएको छ । नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस नियन्त्रण तथा विपद् व्यवस्थापन कोषमा गैरसरकारी संस्था महासंघको इलाम शाखाले ३० हजार रुपैयाँ जम्मा गरेको छ । सनभी इनर्जी (जोगमाई हाइड्रो)का सञ्चालक पाल्देन काजीले सूर्योदय नगरपालिकाको विपद् व्यवस्थापन कोषमा नगद ३० हजार प्रदान गर्नुभएको छ ।
इलाम सदरमुकाम स्थित हिमाल बचत तथा ऋण सहकारी संस्थाले इलाम नगरपालिकाको विपद् व्यवस्थापन कोषमा ३० हजार सहयोग गरेको छ । इलाम नगरपालिका-५ मा रहेको जीवन विकास

लघुवित्तले इलाम नगरपालिकालाई ३० लिटर सेनिटाइजर र १ हजार मेडिकल ग्लोब्स सहयोग गरेको छ ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार वैशाख १० गतेसम्म भोजपुरमा आरडीटी प्रविधिबाट १ सय २४ जनाको परीक्षण गरिएको छ । विदेश तथा विभिन्न जिल्लाबाट मजदूरी गरेर आएका जिल्लाका विभिन्न स्थानीय तहका क्वारेन्टाइन र होम क्वारेन्टाइनमा रहेका १ सय २४ जनाको आरडीटी परीक्षण गरिएकोमा एक जनाको (आरडीटी) पोजेटिभ आएको स्वास्थ्य कार्यालय भोजपुरका प्रमुख फणीन्द्र थापाले जानकारी दिनुभयो । जिल्लामा वैशाख १० गतेसम्म दश जना महिला र ६० जना पुरूष गरी ७० जनालाई क्वारेन्टाइनमा राखिएको छ । ३४ जना महिला र एक सय जना पुरुष गरी १ सय ३४ जना होम क्वारेन्टाइनमा रहेका छन् । बैशाख १० गतेसम्म जिल्लाका विभिन्न स्थानीय तहमा ३ सय ९७ क्वारेन्टाइन बेड र १४ वटा आइसोलेशन तयार भएको सहायक प्रमुख जिल्ला अधिकारी रामप्रसाद लुइटेलले जानकारी दिनुभयो । एक जना आइसोलेसन वेडमा रहेका छन् ।
भोजपुरमा जिल्ला स्तरीय मानवअधिकार अवस्था अनुगमन समिति गठन गरिएको छ । वैशाख १० गते नेपाल बार एसोसियसन भोजपुरका अध्यक्ष प्रकाश चन्द्र शाक्यको संयोजकत्वमा पाँच सदस्य जिल्ला स्तरीय मानवअधिकार अवस्था  अनुगमन समिति गठन गरिएको हो । कोरोनाबाटबाट उत्पन्न परिस्थितिमा मानवअधिकारको अवस्थाको अनुगमन गर्न राष्ट्रिय मानवधिकार आयोग, नेपाल वार एसोशियसन, नेपाल पत्रकार महासंघ र गैह्रसरकारी महासङ्घ बीच सहकार्य भई अनुगमन समिति गठन गरिएको समितिका संयोजक प्रकाशचन्द्र शाक्यले बताउनु भयो । इन्सेककर्मी गणेश विष्ट सदस्यमा मनोनित हुनु भएको छ ।

**इन्सेक ओखलढुङ्गा जिल्ला प्रतिनिधि शिवप्रसाद ढुङ्गाना**का अनुसार जिल्लम वैशाख १० गतेसम्म ४४ जना क्वारेन्टाइनमा राखिएका छन् । कोरोना परीक्षण गरेका तीन जनाको रिपोर्ट नेगेटिभ आएको छ । उनीहरूलाई १० गते जिल्ला अस्पतालको आइसोलेशनबाट घर पठाइएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख सुमन तिवारीले बताउनुभयो । अहिलेसम्म जिल्लाभरका १ सय ५० जनाको द्रुत विधिबाट गरिएको परीक्षणमा सबैको रिर्पोट नेगेटिभ आएको छ । क्वारेन्टाइनमा राखिएकामध्ये मोलुङ गाउँपालिकामा ३७ जना र चिसंखुगढीमा सात जना रहेका छन् । ती दुई गाउँपालिकाले विदेशबाट फर्किएकालाई क्वारेन्टाइनमा राखेका हुन् । अन्य तहका क्वारेन्टाइन भने खाली छन् ।
सिद्धिचरण नगरपालिकाले असंगठित मजदुर तथा दैनिक ज्यालादारीमा काम गरेर परिवार पाल्ने व्यक्ति पहिचान गरेर ५ सय ३४ जनालाई राहत वितरण गरिसकेको छ । चिशंखुगढीले पहिचान गरेर वितरणको तयारी गरेको छ भने अन्य तहले राहत वितरणलाई प्रथामिकता दिएका छैनन् । जिल्लाका सबै स्थानीय तहले काठमाण्डौ वा अन्य शहरमा अलपत्र अवस्थामा रहेका पालिकाभित्रका  नागरिकको तथ्यांक संकलन गरेर घर ल्याउने तयारी थालेका छन् वडा वडामा तथ्यांक लिएर घर आउने व्यवस्था गर्ने निर्णय गरेर विवरण संकलन शुरु गरेकाले एक वा दुई दिनमा सबै विवरण आउने चिसंखुगढी गाउँपालिकाका अध्यक्ष निशान्त शर्माले बताउनुभयो ।

**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार थुलुङदूधकोशी गाउँपालिकाका अध्यक्ष असिम राईको पहलमा अलपत्र दुई जना विदेशी पर्यटक सहित सात जना नेपालीको वैशाख १० गते उद्दर गरिएको छ । पश्चिम रुकुमको बाँफिकोट गाउँपालिकमा अलपत्र सातै जनाको उद्दार गरी

काठमाण्डौ ल्याइएको छ कोरोना भाइरस जोखिमका कारण सरकारले गरेको लकडाउनपछि दुई जना फ्रान्सेली नागरिक र तीन जना उनीहरूका सहयोगी बीचबाटोमै अलपत्र परेका थिए ।
लिखुपिके गाउँपालिकाले ४३ घर विपन्न परिवारलाई राहत वितरण गरेको छ । वडा नम्बर ३ को काफ्लेचौरमा उनीहरुलाई राहत वितरण गरेको उदक बस्नेतले जानकारी दिनुभयो । प्रत्येक परिवार ३० के.जी चामल, चार के.जी दाल, एक लिटर तेल, एक के.जी नुन र दुई थान साबुन वितरण गरि स्वास्थ जाँच समेत गरिएको पालिकाले जनाएको छ । रोजगारीको सिलसिलामा तेस्रो मुलुकबाट लिखुपीकेका विभिन्न वडामा फर्किएका पाँच जनामध्ये तीन जनाको वैशाख १० गते र्‍यापिड टेस्ट गरिएकोमा तीनै जनाको रिपोर्ट नेगेटिभ भेटिएको स्वास्थ संयोजक प्रमुख ज्ञानु कार्कीले जानकारी दिनुभयो ।
माप्यदुधकोशी गाउँपालिकामा वैशाख १० गते एक जनाको र्‍यापिड टेष्ट गरिएको छ । गाउँपलिका उपाध्यक्ष जुनिता माया मगरका अनुसारको उनको रिपोर्ट नगेटिभ देखिएको छ ।
जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुलाई र्‍यापिड टेष्ट किट ५० ओटा प्राप्त भएको छ । प्रदेश प्रयागशाला मार्फत वैशाख १० गते उक्त किट सहितको अन्य समाग्री प्राप्त भएको जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुका निमित्ति प्रमुख कर्मचन्द्र राजबंशीले जानकारी दिनु भयो । जिल्लालाई थप ३० वटा पीपीई, चार ओटा थर्मल गन प्राप्त भएको छ ।
जिल्लामा वैशाख १० गतेसम्म सम्म ३८ जनालाई क्वारेन्टीनमा राखिएको छ । छिमेकी जिल्लामा कोरोना भाइरसका संक्रमित बढदै गएकाले जिल्लामा उच्च सर्तकता अपनाई बाहिरी जिल्ला र वैदेशिक रोजगारबाट आएका शंकास्पद व्यक्तिलाई क्वारेन्टीनमा राख्न थालिएको जिल्ला स्वास्थ्य कार्यलय सोलुखुम्बुले जनाएको छ । जिल्लाका स्थानीय तहहरूले ३ सय ८० जना क्षमता भएको वेडको क्वारेन्टीन र २९ वेडको आईसोलेशन वार्ड स्थापना गरेका छन् ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघ**का अनुसार वैशाख १० गते २१ जना महिला र ५० जना पुरुष गरी जम्मा ७१ जनालाई क्वारेन्टाइनमा राखिएको छ । क्वारेन्टाइनमा राखिएका एक जना महिला र सात जना पुरुष गरी जम्मा आठ जनालाई घर पठाइएको छ । जिल्लामा पीसीआर मार्फत स्वाब परिक्षण गरिएका ३२ जना,आरडीटी मार्फत परीक्षण गरिएका १ सय ९१ जनाको नेगेटिभ रिपोर्ट आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्ला अस्पतालमा ६, पाथिभरा अस्पतालमा ६ र समर्पित अस्पतालमा ११ गरी जम्मा २३ आईसोलेसन स्थापना गरिएका छन् । जिल्लामा एक नगरपालिका र सात गाउँपालिकाले १९ स्थानमा २ सय ४ ओटा क्वारेन्टाइन स्थापना गरेका छन् । जिल्लाका सवै स्थानीय तहमा एम्बुलेन्स लगायतका सवारी साधन तयारी अवस्थामा राखिएका छन् ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख १० गते सङ्खुवासभा विभिन्न स्थानका २६ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । १० गते जिल्ला अस्पताल खाँदबारीमा १५ जना महिला र १४ जना पुरुषले ज्वरो क्लिनिकमा जाँच गराएका छन् । हाल सम्म ९४ जनाको र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको छ । र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको सबै जनाकै रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले बताउनु भयो । वैशाख १० गतेसम्म २० खाँदबारी अस्पताल १० वेड ,तुम्लिङटार ५ वेड, सिलिचोङ गाउँपालिका २ वेड, मकालुमा वेड १, पाँचखपन नगरपालिकाको वानामा २ वेड आइसोलेसन तयारी अवस्थामा राखिएको छ । क्वारेनटाइन खाँदबारी नगरपालिका ५० वेड, पाँचखपन नगरपालिका १० वेड,चैनपुर नगरपालिका १० वेड,धर्मदेवि नगरपालिका १० वेड, भोटखोला गाउँपालिका ४ वेड, सभापोखरी गाउँपालिका ८ वेड, चिचिला

गाउँपालिका १५ वेड , मकालु गाउँपालिका ४ वेड, र सिलिचोङ गाउँपालिकामा १० वेड सहित जम्मा १ सय २७ क्वारेन्टाइन छन् ।
राष्ट्रियसभा सदस्य तथा बिधायन व्यवस्थापन समितीका सभापति पर्शुराम मेघी गुरुङले कोरोना भाईरस परीक्षणका लागि १२ थान थर्मोगन सहयोग गर्नु भएको छ । कोरोना भाइरसको जोखिमलाई मध्यनजर गदै पूर्व खानेपानी राज्य मन्त्री दिपक खड्काले  वैशाख १० गते  सङ्खुवासभा जिल्लाका पत्रकारलाई माक्स र सेनिटाईजर सहयोग गर्नु भएको छ ।
**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**